रामग्राम नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ४ रामग्राम, पुष २९ गते, २०७८ साल संख्या २०

## भाग-२

## व्यवसायिक तरकारी खेती गर्ने कृषकहरुलाई प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि - २०७८

**नगर कार्यपालिकाबाट स्वीकृत मिति २०७८/०९/२९**

प्रस्तावना : रामग्राम नगर कार्यपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने ऐन, २०७४ को दफा ३ को उपदफा (१) बमोजिम रामग्राम नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**(१) पृष्ठभुमिः**

रामग्राम नगरपालिकाको आ.व. २०७८/०७९ नगर सभाबाट वार्षिक स्वीकृत कृषि विकास कार्यक्रम अन्तर्गत यो एक प्रमुख कार्यक्रम हो । यस नगरपालिकाका विभिन्न वडाहरुमा व्यवसायिक रुपमा तरकारी खेती गरिदै आएको छ । लुम्बिनी प्रदेश सरकारले एक स्थानीय तह एक उत्पादन कार्यक्रम अन्तर्गत यस रामग्राम नगरपालिकालाई तरकारी बालीका लागि छनौट गरिएको छ । हाल आएर यस नगरपालिका क्षेत्र भित्रका संगठित तथा असंगठित रुपले तरकारी खेती गर्ने कृषकहरुले व्यावसायिक रुपमा तरकारी खेती गर्न उत्प्रेरित गर्नका लागि यो कार्यक्रमको छनौट गरिएको हो । नगर क्षेत्र भित्रका कृषकहरुले व्यवसायिक रुपमा तरकारी खेतीका लागि क्षेत्र विस्तार गर्नुका साथै उत्पादनमूलक तथा बजारिकरण गर्न कृषकहरुलाई सहज बनाउने सोच राखिएको छ ।

साथै मौसमी तथा बेमौसमी तरकारी उत्पादन बृद्धि तथा त्यसको बजारिकरणका लागि कृषकहरुलाई नगदै प्रोत्साहन दिई तरकारी खेतीमा पुर्ण आत्मनिर्भर हुनुका साथै अन्य ठाँउमा निर्यात गर्न सकुन भन्ने उद्धेश्यले यो कार्यक्रमको परिकल्पना गरिएको हो ।

यसै सन्दर्भमा रामग्राम नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७७ दफा ३६ ले दिएको अधिकार प्रयोग गरी रामग्राम नगरपालिका नगर कार्यपालिकाबाट यो **व्यवसायिक तरकारी खेती गर्ने कृषकहरुलाई प्रोत्साहन कार्यक्रम सञ्चालन कार्याविधि - २०७८** स्वीकृत गरिएको छ ।

**(२) कार्यबिधिको औचित्यताः**

लुम्बिनी प्रदेशबाट एक स्थानीय तह एक उत्पादन कार्यक्रम  अनुसार यस नगरपालिकालाई तरकारी खेतीका लागि छनौट गरिएको छ । यहाँका धेरै वडामा तरकारी खेती गरिदै आएकोमा र तरकारी खेती गर्ने कृषकहरुलाई संगठित गराई व्यवसाय दर्ता गरी आधुनिक प्रविधिबाट तरकारी खेती गर्न उत्प्रेरित गर्ने प्रयत्न गरिने छ ।

**(३) संक्षिप्त नाम,प्रारम्भ र खारेजी**

१. यो कार्यविधिको नाम **व्यवसायिक तरकारी खेती गर्ने कृषकहरुलाई प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि २०७८** रहेको छ ।

२. यो कार्याविधि रामग्राम नगरपालिकाका १८ वटै वडामा लागू हुनेछ ।

३. यो कार्यविधि रामग्राम नगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा**

(क) **"नगरपालिका"** भन्नाले रामग्राम नगरपालिका सम्झनु पर्नेछ ।

(ख) **"कार्यालय"** भन्नाले रामग्राम नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्नेछ ।

(ग) **"प्रमुख"** भन्नाले रामग्राम नगरपालिकाको प्रमुखलाई जनाउने छ ।

(घ) **"उप प्रमुख"** भन्नाले रामग्राम नगरपालिकाको उप प्रमुखलाई जनाउने छ ।

(ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले रामग्राम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ ।

**(च)** **"शाखा"** भन्नाले रामग्राम नगरपालिकाको कृषि विकास शाखालाई सम्झनु पर्नेछ ।

(छ) **"वडा"** भन्नाले रामग्राम नगरपालिका अन्तर्गतका १८ वटै वडाहरू सम्झनु पर्ने छ ।

(झ) **"कृषक"** भन्नाले कृषि कार्यक्रम संचालन गर्ने व्यक्ति वा संस्था सदस्य सम्झनु पर्दछ ।

(ञ) **"ऐन"** भन्नाले रामग्राम नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७७ सम्झनु पर्नेछ ।

**(ट)** **"समिति"** भन्नाले रामग्राम नगरपालिकाको कृषि व्यवसाय प्रर्वद्धन ऐन वमोजिम गठित कृषि समितिलाई
सम्झनु पर्दछ ।

(ठ) **"कार्यविधि"** भन्नाले **व्यवसायिक तरकारी खेती गर्ने कृषकहरुलाई प्रोत्साहन कार्यक्रम सञ्चालन कार्याविधि २०७८**सम्झनु पर्दछ ।

(ड) **"प्रोत्साहन भन्नाले "** भन्नाले व्यवसायिक तरकारी खेती गर्ने कृषकहरुलाई उपलब्ध गराइने रकम वा सामाग्री सम्झनु पर्नेछ

(ढ) **"प्रस्तावक"** भन्नाले यस कार्यविधि अनुसार प्रस्ताव पेश गर्ने सम्बन्धित निकायमा दर्ता भएका कृषि फर्मलाई सम्झनु पर्दछ ।

**(४) उद्देश्यः**

यो कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ ।

1. **तरकारी खेतीको क्षेत्र विस्तार हुने ।**
2. **संगठित तथा व्यवसाय दर्ता गरी कृषि व्यवसाय सञ्चालन गर्ने कृषकहरुको संख्यामा वृद्धि हुनेछ ।**
3. **तरकारी खेती प्रविधिलाई व्यवस्थित र सुदृढ बनाउन टेवा पुग्ने ।**
4. **अनुदान वितरण पद्धतिलाई सहज र व्यवस्थित बनाई सोझै कृषक समक्ष पुऱ्याउने ।**
5. **खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउनुका साथै दिगो कृषिको विकास हुने ।**
6. **युवाहरुलाई कृषि पेशामा आवद्ध गराई स्थानीय रोजगारीको सिर्जना गर्न लगाउने ।**
7. **तरकारी बालीमा विषादीहरुको प्रयोगमा न्युनीकरण गरी स्वस्थ तरकारी उत्पादनमा उत्प्रेरित गर्ने ।**

**(५) कार्यक्रम सञ्चालन प्रक्रिया :**

यो कार्यक्रम सञ्चालन गरी मौसमी तथा बेमौसमी तरकारीको उत्पादन, उत्पादकत्व बृद्धि गर्ने र कृषकहरुलाई तरकारी बालीमा आत्मनिर्भर बनाई परनिर्भरता न्यूनीकरण गर्नुका साथै दिगो र आधुनिक कृषिको विकास तथा बिस्तार गर्ने उद्धेश्यका लागि संचालन गरिनेछ । साथै कार्यक्रम सञ्चालन प्रक्रिया निम्नानुसार रहनेछ :

1. कार्यक्रम सञ्चालन गर्नका लागि यस कार्यालयले १५ दिने सूचना प्रकाशित गर्नेछ । यस्तो सूचना सबै वडा कार्यालय र सामाजिक संजाल मार्फत प्रचार प्रसार गरिने छ ।
2. कार्यक्रममा सहभागी हुनका लागि अनिवार्य रुपमा यस रामग्राम नगरपालिकामा व्यवसाय दर्ता गरेको हुनु पर्नेछ । अन्य निकायमा दर्ता गरेको भए यस कार्यालयमा सूची दर्ता गरेको हुनुपर्नेछ । अन्यथा कार्यक्रममा सहभागी गराइने छैन ।
3. आवेदन पेश गर्दा अनुसूची १ वमोजिमको ढाँचामा निवेदन र आवश्यक कागजातहरु अनुसूची २ बमोजिम हुनु पर्नेछ ।
4. तोकिएको समय भित्र पर्न आएका आवेदनहरुको छनौट र सिफारिस प्रस्तावकको कृषि विकास शाखाले गरेको फिल्ड अनुगमन तथा प्रतिवेदन पेश पश्चात समितिबाट छनौट गरी सोको सूचना प्रकाशन गरिने छ ।
5. व्यवसायिक तरकारी खेती गर्ने कृषकहरुलाई प्रोत्साहन कार्यक्रममा सहभागी हुनका लागि कम्तिमा ५ कट्ठामा तरकारी खेती गरेको हुनु पर्नेछ । सो भन्दा कम भएमा प्रस्ताव दर्ता गरिने छैन ।
6. यस कार्यक्रम बमोजिम तरकारी खेती गर्ने कृषकहरुले प्रोत्साहन बापत प्रतिकठ्ठा रु. १०००।- बैङ्क खाता मार्फत उपलब्ध गराइनेछ । बिनियोजित बजेट भन्दा धेरै प्रस्ताव दर्ता हुन भएमा आवश्यक कागजात र प्रक्रिया पूरा भएका प्रस्तावहरुलाई कृषि व्यवसाय प्रवर्द्धन समितिले थप मापदण्ड तयार पारी सोही बमोजिम गर्ने छ ।

(६) **छनौटका मापदण्डहरु**

| क.स. | सूचाङ्गाका आधारहरु | अधिकतम सम्भाव्य अङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | **प्रस्तावित योजनाले समेट्ने  जग्गाको क्षेत्रफल संख्या** | २० | | |
| क | ५ कट्ठा देखि ९ कट्ठा सम्म तरकारी बालीको क्षेत्रफल भए | १० | | |
| ख | १० कट्ठा देखि २० कट्ठा सम्म तरकारी बालीको क्षेत्रफल भए | १५ | | |
| ग | २० कट्ठा भन्दा माथि  तरकारी बालीको क्षेत्रफल भए | २० | | |
| २. | **सामाजिक एवं लैङ्गिक सहभागिता ( महिला )** | १० | | |
| क | तरकारी बालीमा अप्रत्यक्ष रुपमा महिला संलग्न भएमा | ५ | | |
| ख | तरकारी बालीमा प्रत्यक्ष रुपमा महिला संलग्न भएमा | १० | | |
| ३. | **फर्मको व्यवसायिक योजना सहित प्रस्ताव पेश गरेमा** | २० | | |
| ४. | **प्रस्तावित तरकारी बालीको भौगोलिक एवं प्राविधिक उपयुक्तता** | २० | | |
| क | कलष्टर निर्माण गर्न सकिने भए | १० | | |
| ग | स्यालो ट्युवेल  जडान भएमा | ५ | | |
| घ | कार्यक्रम सञ्चालन  स्थलमा सडक तथा विजुली भए | ५ | | |
| ५. | **प्रस्तावको आवश्यक कागजातको प्रक्रिया पूरा भएको** | ५ | | |
| ६ | **समान प्रकृतिका अनुदान सहयोगको पहुँच नभएका** | १० | | |
| क | हालसम्म कुनै पनि निकायबाट अनुदान नपाएको भए | १० | | |
| ख | सोही प्रकृतिका कार्यक्रममा अनुदान नपाएको भए | ५ | | |
| ग. | विगत ३ वर्षभित्र  सोही प्रकृतिका कार्यक्रममा अनुदान नपाएको भए | ३ | | |
| ७. | **आवेदकको संस्थागत क्षमता तथा कार्य अनुभव** | १० | | |

| | | | | |
|---|---|---|---|---|
| क | फर्म दर्ता भएको २ वर्ष सम्म भएमा | ४ | | |
| ख | फर्म दर्ता भएको ३ देखि ५ वर्ष भएमा | ७ | | |
| ख | फर्म दर्ता भएको ५ वर्ष भन्दा बढी भएमा | १० | | |
| ८. | **प्राङ्गारिक तरकारी खेती गर्दै आएको भए** | ५ | | |
| **कुल जम्मा** | | १०० | | |

अनुसूचीः १

निवेदनको ढाँचा

मिति :

श्रीमान् शाखा प्रमुख ज्यू
कृषि विकास शाखा
रामग्राम नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी (ब.सु.प.)

विषय : प्रस्ताव पेश गरेको सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति..........साल ..... महिना ..... गतेको प्रकाशित सूचना अनुसार म रामग्राम नगरपालिका वडा नं. बस्ने श्री .....................................ले व्यवसायिक तरकारी खेती गर्ने कृषकहरुलाई प्रोत्साहन कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक कागजात सहित यो प्रस्ताव पेश गरेको छु ।

आवेदक

सञ्चालकको नाम :

फर्मको नाम :

ठेगाना :

सम्पर्क नं.:

## अनुसूची - २
### आवश्यक कागजातहरु

१. प्रस्तावकको निवेदन
२. नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।
३. वडा कार्यालयको सिफारिस ।
४. जग्गाधनी पुर्जाको प्रतिलिपी वा करार सम्झौता गरेको भए कम्तिमा ३ वर्षको करार सम्झौता ।
५. व्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
६. स्थायी लेखा नं. को प्रतिलिपी ।
७. अघिल्लो आ.व.को करचुक्ता गर्नु पर्ने भएमा सो करचुक्ता पत्रको प्रतिलिपी ।
८. अनुसूची ३ बमोजिमको प्रस्तावको ढाँचा ।
९. निवेदन शुल्क रु. ५० तिरेको नगदी रसिद ।

## अनुसूची -३
## व्यवसायिक योजना

**(क) परियोजनाको संक्षिप्त परिचय**

१. कार्यक्रमको नामः

२. व्यवसायको संक्षिप्त परिचय :

३. कार्यक्रम संचालन हुने स्थानः

४. कार्यक्रम सञ्चालन स्थलमा रहेका पूर्वाधाहरु र तिनको अवस्थाः

५. परियोजनाको कूल रकमः

६. सम्पर्क ब्यक्तिको नाम : ठेगाना :
सम्पर्क नं.

**(ख) परियोजनाको संक्षिप्त विवरणः**

१. भौगोलिक अवस्था :

२. कार्यक्रमको उद्देश्यः

२. लाभान्वित हुने जनसंख्याः प्रत्यक्ष : अप्रत्यक्ष

३. तरकारी खेती गरिएको जग्गाको क्षेत्रफलः ........विघा ........कट्ठा

४. खेती गरिएको तरकारी बाली र जग्गाको क्षेत्रफल

| क्र.स. | तरकारी वालीको नाम र जात | लगाइएको क्षेत्रफल | अनुमानित उत्पादन (प्रति कट्ठा) | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

५. अन्य अनुमानित लागतः

६. तरकारी खेतीका लागि आवश्यक पर्ने सामाग्रीहरु :

७. कार्यक्रम सञ्चालनका लागि प्रस्तावित क्रियाकलापहरु

| क्र.स. | प्रस्तावित क्रियाकलापहरु | परिमाण | दर रु. | जम्मा लागत रु. | प्रस्तावित अनुदान रु | निजी लगानी रु. | अन्य निकाय रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |
| **जम्मा** | | | | | | | | |

८. प्रस्तावित कार्यक्रमबाट प्राप्त हुने अनुमानित उपलब्धिहरु के के हुन् ?

(क)

(ख)

(ग)

फर्मको को नाम : ठेगाना :

फर्मको छाप

निवेदकः

पद :

दस्तखत :.

सर्म्पक नं :

प्रमाणीकरण मितिः २०७८/०९/२९

आज्ञाले

राकेश पाण्डे

प्रमुख प्रशासकीय अधिकृत